ज्ञान शील एकता

# प्राज्ञिक विद्यार्थी परिषद्, नेपाल

## केन्द्रीय कार्यकारिणी समिति बैठक

**१९ र २० मंसीर, २०७१ । पोखरा, कास्की**

**प्रस्ताव क्रमाङ्क-१**

### देशको वर्तमान शैक्षिक अवस्था

कुनै पनि देशको विकासका लागि शिक्षाक्षेत्रको अत्यन्तै महत्वपूर्ण भूमिकाका हुने हुँदा शिक्षाक्षेत्रको पनि विकासको आवश्यकता पर्दछ । शिक्षाक्षेत्रको विकास विना देशको समग्र विकासको कल्पना गर्न सकिँदैन । हाम्रो देश नेपालमा राजनीतिक स्थायित्वको अपरिहार्यता खड्किइरहेको छ र त्यसका लागि संविधान निर्माणको प्रक्रियाले पूर्णता पाउनु आवश्यक छ । त्यसैले संविधान निर्माणको प्रक्रियालाई गतिदिनका लागि प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठक सरकारसमक्ष जोडदार माग गर्दछ ।

विभिन्न समयमा देशको समग्र परिवर्तनका लागि आन्दोलन भए र यसमा विद्यार्थीको सहभगिता सह्रानीय रह्यो । तर राजनीतिक परिवर्तन सँगै शैक्षिक क्षेत्रको विकास र परिर्वनतका लागि कमै मात्रामा सबैको चासो पुगेको छ । जस प्रति प्राज्ञिक विद्यार्थी परिषद् नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठक सरकार एवं शिक्षा मन्त्रालयको गम्भीर ध्यानाकर्षण गराउँदछ ।

समयानुकुल, देशको आवश्यकता र माटो सुहाँउदो तथा दिगो शिक्षानीति अनुसारको पाठ्यक्रम निर्माण गरी कार्यान्वियन गर्ने दिशा तर्फ पहल गर्नु पर्नेमा मात्र राजनीतिक स्वार्थका लागि राजनीतिक दलहरुले शैक्षिकक्षेत्रलाई प्रयोग गरिरहेको अवस्था शिक्षाक्षेत्रमा प्रष्ट देखिँदैछ । जसको परिणाम स्वरुप शिक्षाक्षेत्रमा हुने नियुक्ति प्रक्रिया तथा भागवण्डालाई हामी स्पष्ट रुपमा हेर्न सक्छौं । राम्रा मान्छे होइन हाम्रा मान्छे भन्ने मानसिकताबाट राजनीतिक संघ संगठनले काम गरिरहेको अवस्था शिक्षाक्षेत्रमा छ । शिक्षाक्षेत्र दिन प्रतिदिन दलीय राजनीतिको दलदलमा फस्दै गइरहेको छ । हरेक प्रक्रियामा दलीयकरण बढ्दै गइरहेको छ । जस प्रति प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको यो बैठक घोर भर्त्सना गर्दै त्यस्ता गलत प्रक्रियालाई तुरुन्त रोक्दै शिक्षाक्षेत्रलाई दलीय राजनीतिक हस्तक्षेपबाट अलग राख्नका लागि सरकारसमक्ष जोडदार माग गर्दछ ।

विभिन्न विश्वविद्यालयहरुमा पदाधिकारीहरुको नियुक्ति गर्दा दक्ष, सक्षम, क्षमतावान् व्यक्तिलाई नियुक्त नगरी राजनीतिक आस्थाका आधारमा भागवण्डा गरी नियुक्त विश्वविद्यालयको अवस्था जर्जर र अस्तव्यस्त भइरहेको प्रति प्राज्ञिक विद्यार्थी परिषद् नेपालको गम्भीर ध्यानाकर्षण भएको छ । तसर्थ प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको स्पष्ट मत छ कि कुनै पनि पदाधिकारी नियुक्त गर्दा राजनीतिक आस्थाका आधारमा नभएर विद्वता, कार्य दक्षता, कार्ययोजनामा पूर्ण, नैतिकता, इमान्दारिताको आधारमा नियुक्त गरियोस् ।

केही विश्वविद्यालयहरुमा शुरुदेखि नै सेमेष्टर प्रणाली लागू भएता पनि नेपालको सबैभन्दा पुरानो विश्वविद्यालय त्रि.वि.ले पनि वार्षिक प्रणाली खारेज गरी सेमेष्टर प्रणाली लागू गर्ने नीति अबलम्बन गरे अनुसार गत वर्ष केन्द्रीय विभागहरुमा लागू गरिसकेको र यस वर्ष काठमाडौं उपत्यकाका क्याम्पस र अर्को वर्ष उपत्यका भन्दा बाहिरका क्याम्पसहरुमा क्रमशः लागू गर्ने योजना सार्वजनिक गरेको छ । क्याम्पसको भौतिक संरचना, प्राध्यापकहरुको दक्षता, कर्मचारीको अवस्था आदिको विश्लेषण नै नगरी हचुवाको भरमा यस्तो नीति लागू गरिसकेको अवस्थामा विश्वविद्यालय केन्द्रीय विभागको पठनपाठन पनि प्रभावकारी हुन नसकेको आम विद्यार्थी तथा प्राध्यापकहरुको मत छ जस प्रति प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठक विश्वविद्यालयको गम्भीर ध्यानाकर्षण गराउँदै सेमेष्टर प्रणालीलाई विस्तार गर्नु पूर्व सेमेष्टर प्रणालीको बारेमा व्यापक बहस् र चर्चा गर्दै ठोस नीति तय गर्न, सम्बन्धित क्षेत्रका दक्ष र अनुभवी विद्वान्हरुको छलफल र सुझाव अनुसार सेमेष्टर प्रणालीलाई व्यवस्थित, प्रभावकारी, मर्यादित र दिगो बनाउने दिशातर्फ अगाडि बढ्नका लागि विश्वविद्यालय तथा शिक्षामन्त्रालयको गम्भीर ध्यानाकर्षण गराउँदछ ।

भर्खरै मात्र विभिन्न विश्वविद्यालयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छापा मारी विभिन्न कागजपत्र नियन्त्रणमा लिने, पदाधिकारी तथा कर्मचारी पक्राउ गर्ने, विशेष अदालतमा मुद्दा दायर गर्ने गरिरहेको छ । विश्वविद्यालयमा भइरहेको आर्थिक अनियमिताको छानविन हुनु अत्यन्तै सकारात्मक भएको तर छानविनको आधारमा निर्दोष व्यक्तिलाई पक्राउ गर्ने र व्यक्तिको

अपमान र मानहानी गर्ने कार्य भइरहेको प्रति परिषद्को गम्भीर ध्यानाकर्षण भएको छ । तसर्थ निर्दोष व्यक्तिको अपमान नगरी दोषीलाई कानुन बमोजिम कारवाही गर्ने र मात्र सार्वजनिक गर्ने नीति अवलम्बन गर्नका लागि प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठक सरकारको गम्भीर ध्यानाकर्षण गराउँदछ ।

विद्यार्थीहरुको हकहितको लागि साथै नेतृत्व निर्माणका लागि विगत लामो इतिहास निर्माण गरेको स्व.वि.यु चुनावको निर्वाचन पटक पटकको प्रयासमा पनि नहुनुले विश्वविद्यालय शैक्षिक गतिविधि विहिन बन्दै गइरहेको छ जसबाट विश्वविद्यालयले विद्यार्थी गतिविधिलाई नै निरुत्साहित गर्न खोजिरहेको परिषद्को स्पष्ट ठम्याइ छ जस प्रति परिषद् गम्भीर आपत्ति प्रकट गर्दछ । तसर्थ तुरुन्त स्व.वि.यु चुनावका लागि ठोस कदम चाल्दै स्व.वि.यु. चुनाव सम्पन्न गर्नका लागि प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठक विश्वविद्यालय तथा सरकारसमक्ष जोडदार माग गर्दछ ।

नेपाल सरकारले सामुदायिक विद्यालयहरुमा ठूलो लगानी गरेको छ तर लगानी अनुसारको प्रतिफल भने सामुदायिक विद्यालयले दिन सकेको देखिँदैन । एस.एल.सी. को परीक्षाफललाई विश्लेषण गर्ने हो भने कतिपय जिल्लाका मा.वि.हरुको प्रतिफल शून्य छ भने धेरै जसो विद्यालयको प्रतिफल साह्रै न्यून छ । एस.एल.सी. पासको ठूलो हिस्सा निजी क्षेत्रका विद्यालयको छ । यस्तो अवस्थामा नेपाल सरकारले एस.एल.सी परीक्षा हटाइ १२ कक्षा सम्मलाई माध्यामिक तहमा सामेल गरी एस.एल.सीको साटो १२ कक्षामा परीक्षा लिने योजना बनाएको छ । सामुदायिक विद्यालयको क्षमता अभिवृद्धि नगरी विद्यालयको भौतिक संरचना, शिक्षकको संख्या र क्षमता आदि विचारै नगरी नेपाल सरकारले लिएको हचुवा नीति प्रति प्राज्ञिक विद्यार्थी परिषद् नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठक घोर आपत्ति प्रकट गर्दै उक्त नीति लागू गर्नु पूर्व सामुदायिक विद्यालयको भौतिक विकास तथा उच्च मा.वि.का लागि शिक्षकको पर्याप्त दरबन्दी आदिको व्यवस्था गर्ने दिशातर्फ अगाडि बढ्नका लागि प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठक सरकार एवं शिक्षामन्त्रालय समक्ष जोडदार माग गर्दछ ।

प्राविधिक तथा व्यावसायिक शिक्षामा बढ्दो व्यापारीकरण र अनावश्यक शुल्क संरचनाले गर्दा विद्यार्थीहरुले ठूलो आर्थिक व्ययभार बोकिरहेका छन् तसर्थ प्राविधिक तथा व्यावसायिक शिक्षाको क्षेत्रमा भइरहेको व्यापारीकरणलाई कम गर्नका लागि तुरुन्त नियमनकारी निकाय खडा गरी शुल्क संरचनालाई एकरुपतामा ल्याउनका लागि प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठक सरकारसमक्ष जोडदार माग गर्दछ ।

नेपाल आमाको-जय !

ज्ञान शील एकता

# प्राज्ञिक विद्यार्थी परिषद्, नेपाल

## केन्द्रीय कार्यकारिणी समिति बैठक

१९ र २० मंसीर २०७१। पोखरा, कास्की

**प्रस्ताव क्रमाङ्ग-२**

### निर्धारित समयमा नै संविधान निर्माण गर

दक्षिण एसियाली क्षेत्रीय संगठन सार्कको १८औं सार्क शीखर सम्मेलन नेपालमा सफलतापूर्वक सम्पन्न गराउनुले नेपालको शान्ति, स्थिरता र आपसी समन्वयको सम्बन्धमा नयाँ विश्वासिलो वातावरण निर्माण हुनु हामी सबै नेपालीका लागि हर्ष र गौरवको विषय हो। प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठक सरकारको यस सफल कार्यको लागि हार्दिक बधाई तथा धन्यवाद ज्ञापन गर्दछ।

हामी सबै नेपाली जनताले विगत एक दशकदेखि संविधानसभाको निर्वाचन र त्यस पछिको समयमा संविधान प्राप्तिको लागि आफ्नो धैर्यतालाई बचाई ठूलो आशामा प्रतिक्षारत छन् तर दोस्रो संविधानसभाको निर्वाचन पछाडि पनि संविधान निर्माणको लागि जुन सक्रियता र इमान्दारितापूर्वक प्रयास हुनुपर्ने थियो त्यो हुन नसक्नुले नेपाली जनतालाई निराशा र हतास बनाउन थालेको छ ।

कुनै पनि उद्देश्यको एउटा निश्चित समय सिमा र अनुशासन हुन्छ तर सम्पूर्ण अनुशासनलाई तोडेर जुन गैरजिम्मेवारीपन नेपाली राजनीतिक दल र तिनका नेतृत्वले नेपाली जनता समक्ष देखाएका छन् त्यसले नेपाली जनतालाई निराशा मात्रै होइन इतिहासको यस कठिन समयमा कठोर निर्णय लिई राजनीतिक पार्टीको विश्वास समाप्त भई उत्पन्न हुने परिणामले भविष्यमा राजनीतिक पार्टीको अस्तित्व र राष्ट्रको अस्तित्वमा नै गम्भीर सङ्कट आउन सक्ने परिस्थिति अगाडि बढिरहेको प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठकको स्पष्ट विश्लेषण छ।

विगतमा संविधान निर्माणका लागि परिषद्ले राजनीतिक नेतृत्व एवं संविधानसभालाई सचेत गराउँदै नैतिक दबाव सिर्जना गर्ने काम विगतको संविधानसभा देखि नै गर्दै आइरहेको छ। संविधान निर्माणमा आफ्ना पार्टीगत स्वार्थभन्दा माथि उठेर नेपाल र नेपाली जनताको एकता र विश्वासलाई कायम राख्दै भूगोल, जनसंख्या र विकासका आधारमा देशलाई संघीयतामा अगाडि बढाउँदै सम्पूर्ण जनताका लागि सर्वस्वीकार्य संविधान जारी गर्न प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठक सम्पूर्ण राजनीतिक पार्टी र संविधानसभाको गम्भीर ध्यानाकर्षण गराउँदछ । साथै वर्तमान संविधानसभामा विवादित बनिरहेका विषय संघीयताको स्वरुप शासकीय स्वरुप जस्ता विषयको समाधानका लागि सरकारले देशका विभिन्न विज्ञहरुको टोली बनाई सँविधान निर्माणको विषयमा अगाडि बढ्नका लागि प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समिति बैठक संविधानसभासमक्ष जोडदार माग गर्दछ।

देशको स्थानीय स्वधर्म संस्कृति, परम्परा इतिहास र सम्पूर्ण पहिचानलाई सुरक्षित गरी भावि पुस्तालाई हस्तान्तरण गर्ने दायित्व त्यो देशका नागरिकको साथै नेतृत्वको पनि हुन्छ। विश्वमा ५० भन्दा बढि मुस्लिम र ७० जति क्रिश्चियन देश भएको परिप्रेक्षमा नेपालको मौलिक सनातन संस्कृतिलाई संविधानमा सुरक्षित गराई विश्वका सनातन संस्कृतिका अनुयायीहरुको आस्था विश्वास र श्रद्धाको महत्वपूर्ण भूमि नेपाललाई बनाउनका लागि हिन्दूराष्ट्रको विषयमा पुनर्विचार गरी उक्त विषयमा सम्पूर्ण जनताको भावनालाई कदर गर्दै जनमतको आधारमा हिन्दूराष्ट्रको विषयलाई संविधान निर्माणको प्रक्रियामा अगाडि बढाउनका लागि सम्पूर्ण राजनीतिक दल, सरकार एवं संविधानसभा समक्ष प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठक जोडदार माग गर्दछ।

नेपाल आमाको-जय !

ज्ञान शील एकता

# प्राज्ञिक विद्यार्थी परिषद्, नेपाल

## केन्द्रीय कार्यकारिणी समिति बैठक

१९, २० मंसीर, २०७१ । पोखरा कास्की

**प्रस्ताव क्रमाङ्क -३**

### महिला हिंसा अन्त्यका लागि तुरुन्त ठोस कदम चालियोस्

यत्र नार्यस्तु पूज्यन्ते रमन्ते तत्र देवता....., मातृवत् परदारेषु.............,अर्थात् जहाँ नारीको पूजा हुन्छ त्यहाँ देवताहरु रमाउँछन्, सबै नारीलाई आमाको व्यवहार गर । हाम्रो हिन्दु संस्कृतिले नारीलाई एक देवीको स्थान दिएर उच्च कदर गर्न सिकाएको छ, सबै नारीलाई आमा र दिदीबहिनीको व्यवहार गर्न सिकाएको छ । यस्तो संस्कृतिको संवाहक नेपाली समाजमा आज भनाइ र व्यवहारमा एकरुपता छैन । नेपाली महिलाहरुमा दिन प्रतिदिन असुरक्षाको वातावरण सिर्जना हुँदै गइरहेको छ । दिन प्रतिदिन समाजमा विभिन्न कारणले महिला माथि हुने हिंसाका घटनामा वृद्धि भइरहेको छ । समाजमा भइरहेका त्यस्ता अमानवीय, निन्दनीय र घृणित घटनाको घोर भर्त्सना गर्दै त्यस्ता घटनाको न्युनिकरणका लागि तुरुन्त ठोस नीति निर्माण गर्न सरकार समक्ष प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठक सरकारसमक्ष जोडदार माग गर्दछ ।

विभिन्न सञ्चार माध्यमहरुमा दिन प्रतिदिन प्रकाशन तथा प्रसारण हुने गरेका महिला हिंसाका समाचारले सम्पूर्ण नेपाली महिला दिदीबहिनीहरुमा एक किसिमको त्रासको वातावरण सिर्जना गरिरहेको छ । साथै महिला सुरक्षा विषय विभिन्न गैरसरकारी संस्था र अन्तरराष्ट्रिय गैरसरकारी संस्थाहरुको लागि मागी खाने भाँडोको रुपमा सावित भइरहेको छ । नेपाल सरकारले महिला सुरक्षाको डम्फु बजाइरहे पनि महिला सुरक्षा अहिलेको प्रमुख चुनौतीको रुपमा रहेको छ । यो अवस्थामा आगामी बन्ने संविधानमा महिला सुरक्षाको प्रत्याभूति हुने नीति निर्माणका लागि नेपाल सरकारसमक्ष प्राज्ञिक विद्यार्थी परिषद् नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठक जोडदार माग गर्दछ ।

समाजमा विभिन्न प्रकारका प्रथा र परम्पराका नाममा महिलाहरुमाथि हिंसा हुने गरेको छ । जस्तै : नेपालको सुदुरपश्चिम क्षेत्रमा रहेको देउकी प्रथा, हिमाली क्षेत्रको जिल्लाहरुमा रहेको झुमा प्रथा (कुमारी केटीलाई बौद्ध गुम्बामा लगेर चढाउने), देशका विभिन्न ठाउँमा रहेको दाइजो प्रथा, तिलक प्रथा, त्यस्तै मध्यपश्चिम तथा सुदुरपश्चिम क्षेत्रको केही जिल्लाहरुमा रहेको छाउपडी प्रथा, बालविवाह, विधवा प्रथा आदि । कुसंस्कारका रुपमा विकास भएका यस्ता प्रथा र परम्पराहरुलाई समय मै नसच्याए त्यसले समाजमा हाल भइरहेको विभेदको खाडललाई अझ ठूलो बनाउँदै जाने पक्का छ । जसबाट समतामूलक, न्यायपूर्ण र समृद्ध समाज निर्माणको प्रक्रियामा बाधा पुगिरहेको छ । तसर्थ यस्ता गलत संस्कारको अन्त्य गर्न गाउँगाउँमा चेतनाको ज्योति फैलाउँदै कानुनी रुपमा मात्र नभई व्यावहारिकरुपमा पनि त्यस्ता कुप्रथाको अन्त्यका लागि सरकारले ठोस कदम चाल्नका लागि प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठक सरकारसमक्ष जोडदार माग गर्दछ ।

आज सडकका हरेक होर्डिङ बोर्डहरुमा, हरेक कार्यालयका ढोका ढोकामा, हरेक विज्ञापनमा र हरेक रेष्टुराँ र होटलमा साथै सपिङ्ग कम्प्लेक्समा महिलालाई अग्रपंक्तिमा राखिनुले महिला भनेका मात्र व्यापारका लागि आकर्षकको केन्द्र बनिरहेका छन् । नारीको सौन्दर्य र लज्जालाई बेचेर आज समाज धनि बन्न चाहिरहेको छ । स्वयं नारी पनि पैसाका लागि आफ्नो शरीर र सौन्दर्य बेच्न बाध्य बनिरहेका छन् । यस प्रति पनि आम महिलाहरुले सोच्नु पर्ने आवश्यकता छ । के महिला प्रदर्शनीको वस्तु हो ? प्रत्येक वस्तुको विज्ञापनमा महिलाको चरित्र र आदर्शको मोलमोलाई गरिनु कति सम्म उचित हो ? नुन देखि सुन सम्मको विज्ञापनमा महिलालाई नङ्ग्याइ मात्रै बजार प्रवर्द्धन गर्न सकिन्छ भन्ने तुच्छ मानसिकतालाई निरूत्साहित गर्नका लागि प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठक सरकार समक्ष स्पष्ट माग गर्दछ ।

समाजमा भ्रूणहत्याको समस्या ग्रामिण र अशिक्षित समाजमा भन्दा पनि बढिमात्रामा शहरी क्षेत्रमा विकराल रुपमा बढ्दै गएको छ । लिङ्ग पहिचान गरी हुने गर्भपतनले अझै नारी दमन र शोषणलाई प्रोत्साहन गरेको हुँदा यस विषयमाथि सरकारले ठोस कदम चाल्नु आवश्यक देखिन्छ । साथै सरकारले ल्याएको गर्भपतन सम्बन्धी कानुन झनै महिला हिंसालाई प्रोत्साहन गर्ने खालको भएकोले यस माथि पुनर्विचार गर्न यो प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठक सरकार समक्ष जोडदार माग गर्दछ ।

**आज समाजमा नारीहरुमाथि बलात्कार हत्या हिँसा जस्ता क्रोधपूर्ण घटनाहरु घट्ने गरेका पाइन्छन् । यस्ता क्रियाकलाप हुनु भनेको नारी समाजको स्वतन्त्रताप्रति षड्यन्त्र चल्नु हो । यस्ता विनाशकारी क्रियाकलापमा संलग्न जो कोहीलाई पनि कानुनी दायरामा ल्याई कडा भन्दा कडा कार्वाही होस् भनी यो केन्द्रीय कार्यकारिणी समितिको बैठक सरकार समक्ष जोडदार माग गर्दछ ।**

**सम्पूर्ण पाठ्यक्रममा नारीहरुको लागि सम्मान भाव जाग्ने किसिमका विषयवस्तुहरु समावेश गर्ने, महिलाको क्षमता विकासको लागि खेलकुद क्षेत्रमा विशेष योजना निर्माण गर्ने, सामाजिक नेतृत्व लिन सक्ने बौद्धिक विकास गर्ने जस्ता विषयहरु शिक्षामा समावेश गर्नका लागि तुरुन्त ठोस कदम चाल्न प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठक सरकार समक्ष माग गर्दछ ।**